# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १५९ | काठमाडौं | सोमबार, १३ असोज २०८२ | Prabhab National Daily | Monday, 29 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-





**प्रकाशन स्थगन हुनेबारे सूचना**

विजया दशमीको बिदाका कारण यस प्रभाव दैनिकको प्रकाशन भोलि असोज १४ देखि १९ गतेसम्म स्थगन हुने छ । असोज २० गतेदेखि हामी पुनः नियमित प्रकाशनमा आउने जानकारी गराउँदछौं ।

**प्रभाव पब्लिकेसन प्रा. लि.**

# बडादसैंको उत्सव

- आज फूलपाती भित्र्याइँदै, टुँडिखेलमा सेनाको बढाइँ
- दसैं मनाउन काठमाडौं उपत्यका तथा सहरी क्षेत्रबाट गाउँ फर्कने क्रम जारी
- कोजाग्रत पूर्णिमाका दिन नेपाली कांग्रेसको चियापान नहुने



### टीकाको उत्तम साइत ११:५३ बजे

यसपटक विजया दशमीको मुख्य दिन अर्थात् टीका असोज १६ गते परेको छ । उक्त दिन बिहान ११ बजेर ५३ मिनेटमा टीकाका लागि उत्तम साइत रहेको नेपाल पञ्चांग निर्णायक समितिले जानकारी दिएको छ । यद्यपि, उक्त दिन आफ्नो अनुकूलतामा मान्यजनबाट टीका थाप्न सकिने समितिको भनाइ छ ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हिन्दू धर्मावलम्बीहरूको महान् पर्व बडादसैं भित्रिइसकेको छ । दसैंले गाउँ-सहरलाई छपक्कै छोपेको छ । यद्यपि, गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनबाट सिर्जित परिस्थितिका कारण यो वर्षको दसैं केही खल्लो हुने देखिएको छ । उक्त आन्दोलनमा ७४ जनाको मृत्यु र राज्यका मुख्य संरचनाहरू खरानी भएकोले मुलुक नै शोकमा डुबेको अवस्था छ ।

देश तथा विदेशमा रहेका हिन्दू धर्मावलम्बी नेपालीहरू दसैं मनाउने अन्तिम तयारीमा जुटिसकेका छन् । विदेशमा रहेकाहरू दसैं मनाउन घर फर्किएका छन् । काठमाडौंलगायत सहरी क्षेत्रमा बस्दै आएकाहरू दसैं मनाउन आफ्नो गाउँघर फर्किने क्रम जारी छ ।

बडादसैंअन्तर्गत आज फूलपाती । दसैंको सातौं दिन । सप्तमी तिथिमा पर्ने यस दिन बडादसैंको महत्त्वपूर्ण दिन पनि हो । घटस्थापनाका दिन राखिएको जमरा र फूलपातीलाई आज दसैंघरमा भित्र्याइन्छ । कालरात्री देवीको पूजा अर्चना गरिनुका साथै नेपालीका घरघरमा फूलपाती भित्र्याइन्छ ।

दसैंघरमा उखुको बोट, केराको बोट, बेलपत्र, दारिम, अशोक, बेल, मानक, कर्चुर, धानको बोट, जयन्ती, धानको बाला, अशोकको पात, अदुवाको बोट र नयाँ फलफुलका पालुवालाई शुभ साइतका रूपमा फूलपाती मानेर भित्र्याइन्छ । काठमाडौंको बसन्तपुरमा भने गोरखा दरबारको दसैंघरबाट ल्याइएको फूलपाती परम्पराअनुसार नै भित्र्याइन्छ । गोरखाबाट धादिङको जीवनपुर हुँदै काठमाडौंको जमलसम्म ल्याइएको फूलपातीलाई नेपाली सेना तथा प्रहरीको पल्टन, निजामती उच्चपदस्थ कर्मचारीहरू, आशागुर्जा टोली, ब्याण्डबाजा, पञ्चेबाजासहित सिंगारिएका कलस्यौलीहरू, सांस्कृतिक झाँकी र पाँचजना गुरु पुरोहितको समूहले हर्ष बढाइँका साथ बसन्तपुर हनुमानढोकास्थित दसैंघरमा भित्र्याउँछन् ।

यसैगरी गोरखा दरबारमा भने साइत हेरी भृकुटी सुसारेहरूले दरबार क्षेत्रमा रहेको जंगलबाट ल्याएका नवपत्रिका अर्थात् नौ खालका फूलहरू- जयन्ती, अशोका, वेलपत्र, केरा, उखु, सामा, धान, फुन्द्रेका फूल सतिपिपलको निसान सिंगार्ने चौतारोमा राख्ने र गोरखा दरबारबाट बाजागाजासहित आएका कलस्यौडीहरूले मालश्री गीत गाउँदै, बाजा बजाउँदै फूलपातीलाई डोलीमा राखेर गोरखा दरबारमा भित्र्याउने गर्दछन् । फूलपाती दरबारभित्र भित्र्याउँदा कालो बोकाको बलि दिने चलन रहेको छ ।

त्यसैगरी आज देशभरिका प्रमुख शक्तिपीठ, देवी मन्दिर, नेपाली सेना तथा प्रहरीका तल्लोदेखि उपल्लो तहका अड्डाहरूमा बढाइँका साथ फूलपाती भित्र्याउने चलन रहेको छ । फूलपाती भित्र्याउने साइतअनुसार सैनिक मञ्च टुँडिखेलमा नेपाली सेनाले फूलपातीको बढाइँ प्रस्तुत गर्दै आएको छ । नेपाली सेनाको टुकडीले तोप पड्काउँदै हर्ष बढाइँ गर्ने प्रचलन परम्परादेखि नै चल्दै आएको हो । उक्त बढाइँको राष्ट्र प्रमुखका हैसियतले राष्ट्रपतिसहित उच्च पदस्थहरूले प्रत्यक्ष अवलोकन गर्दछन् ।

नवरात्रिभरि माता दुर्गाका नौ वटा रूपहरू शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको पूजा-अर्चना गरिन्छ । अष्टमीका दिन दुर्गाको आठौं स्वरूप महागौरीको विधि विधानअनुसार पूजा अनुष्ठान गर्ने गरिन्छ । यस उपलक्ष्यमा दसैंघर र कोतलगायत मुलुकका विभिन्न शक्तिपीठमा बलिसहित पूजाअर्चना तथा दुर्गा सप्तशती पाठ गर्ने गरिन्छ ।

क्रमशः पृष्ठ २ मा

## ओलीसहित पाँच जनालाई विदेश भ्रमणमा रोक



निवर्तमान प्रधानमन्त्री केपी ओली, पूर्वगृहमन्त्री रमेश लेखक, पूर्वगृहसचिव गोकर्णमणि दवाडी, राष्ट्रिय अनुसन्धानका पूर्वप्रमुख हुतराज थापा र काठमाडौंका पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजालले देश छाड्न नपाउने

समाचार पृष्ठ ३ मा

**सन्दर्भः वैदेशिक रोजगार**

दसैंका बेला विदेसिने श्रमिकको पीडा

# यहीं रोजगारी पाए विदेश जानुपर्ने बाध्यता हुने थिएन

■ **ममता थापा**

**काठमाडौं–** नेपालबाट दैनिक १५ सयदेखि दुई हजारको संख्यामा युवाहरू वैदेशिक रोजगारीमा जाने गरेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रायः खचाखच हुन्छ । आइतबार भने विमानस्थलमा खासै चहलपहल थिएन । वैदेशिक रोजगारीमा जानेहरू फाट्टफुट्ट देखिन्थे । विद्यार्थी भिसामा विभिन्न मुलुक जानेहरू बढी थिए । दसैं मनाउन परिवार लिएर विदेसिनेहरू पनि भेटिए । विदेसिन लाग्दा पनि उनीहरूमा निराशा देखिँदैनथ्यो ।

सानो सुटकेस छेउमै राखेर टोलाइरहेका लोकनाथ पन्थी संयुक्त अरब इमिरेट्स (युएई) जाँदै थिए । कपिलवस्तु घर भएका उनी विमानस्थलमा एक्लै थिए । युएईस्थित एक शोरुममा काम गर्ने उनले बताए । १७ वर्षददेखि युएईमा रोजगारी गर्दै आएका पन्थी बेलाबेलामा कम्पनीले छुट्टी दिँदा नेपाल आउने गर्छन् । यसपटक पनि साढे दुई वर्षपछि नेपाल आएका थिए । परिवारसँगै दसैं मनाउन भनेर एक महिनाको छुट्टीमा आएका उनी २० दिनमै फर्किनुपर्दा झनै निराश देखिन्थे ।



'एक महिनाको छुट्टी भनेर आएको अब उता कम्पनीमा इमरजेन्सी परेछ । २० दिनमै फर्किनुपर्‍यो,' उनले भने, 'दुबई गएको पनि धेरै भयो, (हिसाब गर्दै) १७ वर्ष भएछ । विदेशमा रहरले त होइन तर यहाँ बस्यो भने बेरोजगार भइन्छ । घरमै बस्न मन त लाग्छ नि । तर विदेश नगई नेपालीलाई गाह्रो छ । अहिले पनि जान मन लागेको छैन । बाध्यता हो ।'

पछाडि सानो झोला भिरेका चितवनका कुलबहादुर थापा, एकछेउमा टुक्रुक्क बसेर आफ्नो परिवारसँग भिडियो कलमा बिदा माग्दै थिए । केहीबेर कुरा गरेपछि आफ्नो फ्लाइट कति बजे रहेछ भनेर उनी यताउता गर्न थाले । उनी पनि युएई नै जान लागेका रहेछन् । अलि अगाडि नै जानपर्ने भए पनि जेन-जी आन्दोलनका कारण भिसामा कडाइ गरेपछि बल्लतल्ल आइतबारको टिकट मिलेको उनले बताए । युएईमा पानीजहाज बनाउने काम गर्ने उनी चाडबाडको बेला घर छोडेर हिँड्नुपर्दा दुःखी थिए ।

सन् २०१० मा गएका थापा कहिलेकाहीँ दसैं तिहार मनाउन घर आउने गरेको बताए । थापाले पनि भारी आवाजमा बाध्यता सुनाए, 'म त २०१० मा गएको हो । कहिलेकाहीँ आउँछु दसैं तिहार मनाउन,' थापाले भने, 'यहीं रोजगारी गर्न पाए त हुन्थ्यो नि, पाइँदैन । नत्र यसरी दसैंको बेला हिँड्न कसैलाई रहर हुँदैन ।'

हरेक वर्ष दसैं तिहारको समयमा वैदेशिक रोजगारीमा जानेहरूको संख्या घट्छ । हिन्दूहरूको प्रमुख चाड मानिने दसैं तिहार मनाउन घरबाट टाढा-टाढा गएकाहरू पनि परिवारसँगै दसैं मनाउन आउँछन् । तर यो समयमा घर छोडेर परदेसिनेहरूको पीडा बेग्लै छ । असोज लागेसँगै विदेसिनेको संख्या केही घटेको र नेपाल आउनेहरूको संख्या बढेको विमानस्थलस्थित अध्यागमन कार्यालयले जानकारी दिएको छ । गत हप्ता दैनिक छ हजारदेखि नौ हजारसम्म नेपाल आएको कार्यालयको भनाइ छ । यो संख्या भिजिट भिसा, वैदेशिक रोजगारी र अफिसियल कामकाजबाट फर्किएकाहरूको भएको कार्यालयका सूचना अधिकारी अञ्जन न्यौपानेले बताए ।

यो समयमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनेहरूको संख्या पनि घटेको छ । मुलुकमा देखिएको विशेष परिस्थिति र चाडबाडका कारण विदेसिनेको संख्या घटेको विभागले जानकारी दिएको छ ।




# जेन–जी आन्दोलनमा निजी क्षेत्रको कति भयो क्षति ?

■ रमेश लम्साल



**काठमाडौं–** गत भदौ २३ र २४ गते जेन-जी पुस्ताको आन्दोलनका कारण मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार जल्यो । न्यायको मन्दिर मानिने सर्वोच्च अदालतको भवन आगोमा दन्कियो । ऐतिहासिक धरोहरका रूपमा रहेको राष्ट्रपति कार्यालय शीतल निवासमाथि आक्रमण भयो, आगजनी गरियो ।

चीन सरकारको सहयोगमा निर्माण गरिएको र संघीय संसद्ले प्रयोग गरेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा पनि आगजनी गरियो । सरकारी संरचना, निजी क्षेत्रका उद्योग प्रतिष्ठानमाथि आक्रमण र आगजनी गरियो ।

राजनीतिक नेतृत्वका घर तथा आवास पनि उसैगरी आक्रमण र आगजनीको सिकार भए । आन्दोलनकारीले सवारीसाधनमाथि आगो झोसे । लुटपाट भयो । ठूलो क्षतिकाबीच सरकारी र निजी क्षेत्र क्रमशः लयमा फर्कने प्रयासमा छ । नयाँ सोच, नयाँ विश्वास र भरोसाका साथ उभिने प्रण सबैले गरेका छन् ।

सरकारले यी सबै विषयमा अनुसन्धान गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा छानबिन आयोग गठन गरिसकेको छ । सो आयोगले सत्यतथ्य सार्वजनिक गर्ने नै छ । मुलुकको आर्थिक क्षेत्रमा झण्डै ८१ प्रतिशत योगदान गर्ने र रोजगारीमा ८६ प्रतिशत योगदान प्रदान गर्दै आएको निजी क्षेत्रमाथि पनि आन्दोलनका क्रममा आक्रमण भयो ।

नेपाल उद्योग वाणिज्य महासंघलगायतका निजी संस्थाले क्षतिको विवरण संकलन गरिरहेका छन् । यद्यपि, प्रारम्भिक विवरण भने सार्वजनिक गरेको छ । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालका अनुसार हालसम्म उपलब्ध तथ्यांक र सूचनाअनुसार निजी क्षेत्रको मात्रै करिब ८० अर्ब रूपैयाँबराबरको क्षति भएको छ । अध्यक्ष ढकाल निजी सबैभन्दा ठूलो रोजगारदाता भए पनि हरेक आन्दोलनमा निजी क्षेत्र निशानामा पर्नु गम्भीर विषय भएको बताउँछन् ।

आन्दोलनका क्रममा निजी क्षेत्रमाथि आक्रमण हुनुले निजी क्षेत्रको महत्त्व बुझ्न र बुझाउन नसकिएको उनको बुझाइ छ । सरकारले छोटो समयमा नै निजी क्षेत्रको धारणाअनुसार राहतका प्याकेज घोषणा गरेर निजी क्षेत्रको मनोबल उकास्ने काम गरेको र यसलाई महासंघले सकारात्मकरूपमा लिएको उनको भनाइ छ ।

देशभर चेन निर्माण गरेर व्यापारमा विविधीकरण गर्दै आएको भाटभटेनी सुपरमार्केटमाथि आक्रमण भयो । भाटभटेनीका अध्यक्ष मिनबहादुर गुरुङले १० अर्ब ८५ करोड रूपैयाँबराबरको क्षति भएको प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा विवरण दिएका छन् । सो व्यापारिक प्रतिष्ठानको १२ वटा स्टोर पूर्णरूपमा जलाइएको र नौ वटामा आंशिक क्षति पुगेको छ । कूल २८ स्टोरमध्ये १६ वटा भने पुनःसञ्चालनमा आइसकेको छ । भाटभटेनीले नेपालीको सबैभन्दा ठूलो चाड दसैंको अवसरमा स्टोर बन्द भएकै कारण कुनै पनि कर्मचारीलाई सेवाबाट नहटाउने यसअघि नै स्पष्ट पारिसकेको छ । दसैं भत्तासमेत दिने उसको घोषणा छ ।

'रोजगारी कोही कसैको पनि जाँदैन, तलब भत्ता पनि रोकिँदैन,' गुरुङले भनेका छन् । भाटभटेनीका स्टोरमा राखिएका पाँच अर्ब ९६ करोड तीन लाख ६७ हजार रूपैयाँबराबरको सामग्री पूर्णरूपमा जलेका छन् । यस्तै, झण्डै ५० करोड रूपैयाँबराबरको सामग्री तोडफोड र लुटपाट भएको छ । त्यस्तै, दूरसञ्चार सेवा प्रदायक एनसेलको लैनचौरस्थित मुख्य कार्यालयमा राखिएका दुई दर्जनभन्दा बढी सवारीमा गत भदौ २४ गते आगजनी गरिएको जानकारी दिएको छ । मुख्य कार्यालयको पहिलो तल्ला आगजनीका कारण क्षतिग्रस्त छ । १०औं तल्लासम्म लुटपाट भएको छ । कर्मचारीका व्यक्तिगत सामानसमेत हराएका छन् ।

लैनचौरका साथै एनसेलको पोखरा, धनगढी र कञ्चनपुरको महेन्द्रनगरको कार्यालयमा तोडफोड र अगजनी गरिएको छ । सो कम्पनीका करिब ४०० कर्मचारीले हाल घरैबाट सेवा दिइरहेका छन् । आगजनी र लुटपाटमा बाबजुद् सो कम्पनीले तीन दिनसम्म आफ्ना सबै सेवा निःशुल्क दिएको थियो । नेपाल टेलिकमले जस्तै भ्वाइस, इन्टरनेट र एसएमएस निःशुल्क प्रदान गरेको सो कम्पनीले जानकारी दिएको छ ।

एनसेलको सिमकार्ड बिक्री गर्नेदेखि त्यससँग जोडिएका झण्डै एक लाखभन्दा बढीले रोजगारी पाएका छन् । मुलुकमा रोजगारी दिनेदेखि आर्थिक क्रियाकलापमा सहयोग गर्ने संघसंस्था, उद्योग प्रतिष्ठानमाथि भएको आक्रमणले निजी क्षेत्र तस्त्र अवस्थामा रहेको महासंघले जनाएको छ ।

होटल एसोसिएसन अफ नेपाल (हान) का अनुसार जेन-जी आन्दोलनका क्रममा होटल क्षेत्रमामात्रै झण्डै २५ अर्ब रूपैयाँबराबरको क्षति पुगेको छ । काठमाडौंमा रहेको अन्तर्राष्ट्रिय चेन होटल हिल्टनको मात्रै आठ अर्ब रूपैयाँबराबरको क्षति भएको छ । राजनीतिक व्यक्ति जोडिएको भन्ने हल्ला चलाएर दाङको माला इन, मोरङको नेपालीरिका होटलमाथि आक्रमण भएको सम्बद्ध पक्षले जनाएका छन् । यसैगरी पोखराको सरोवर होटल, बगैँचा रिसोर्ट, गुडबिल होटल, अंशुभरा होटलमाथि आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको छ ।

यस्तै, काठमाडौंको वर्णवास होटल पनि आक्रमणको सिकार भएको छ । व्यवसायी विनोद चौधरीको गुर्जुधारामा रहेको सिजी पार्कमा आगजनी र तोडफोड भएको छ । त्यहाँ राखिएका सामान लुटपाट भएको छ । चौधरीको निवासमा पनि आक्रमण र आगजनी गरिएको विवरण सार्वजनिक भएको छ । चौधरी समूहमामात्रै करिब पाँच अर्ब रूपैयाँको क्षति पुगेको प्रारम्भिक आकलन छ । महासंघका अध्यक्षसमेत रहेका ढकाल सम्बद्ध चन्द्रागिरि केवलकारको बेस स्टेसनमा लुटपाट र तोडफोड भएको छ । आगजनीका कारण केवलकार बन्द छ । मौलाकालिका केवलकारमा ठूलो क्षति पुगेको छ । चन्द्रागिरिको केवलकार मर्मतपछि तत्कालै सञ्चालनमा ल्याउन सकिए पनि मौलाकालिकाको सञ्चालन भने अनिश्चित रहेको ढकालको भनाइ छ ।

ढकालको आइएमई समूहले सातै प्रदेशमा केवलकार निर्माण गर्ने योजना अगाडि सारेको छ । सोही क्रममा पूर्वको पाथीभरामा केवलकार निर्माणका लागि स्थापना गरिएको कार्यालयमा आक्रमण र तोडफोड भएको जनाइएको छ । यस्तै, काठमाडौंको थापाथली, पानीपोखरी, नक्साललगायतका स्थानका गाडी शोरुममा आगजनीका कारण ठूलो धनमालको क्षति भएको छ । विभिन्न प्रदर्शनी तथा मेला आयोजना गरेर अटो व्यवसायमा नयाँ उभार आइरहेको बेला जेन-जी आन्दोलनका नाममा भएको आगजनी र तोडफोडले ठूलो क्षति पुगेको व्यवसायीहरूको भनाइ छ ।

## सरकारले यसबीचमा के गऱ्यो

जेन-जीको प्रदर्शनका क्रममा भएको सार्वजनिक सम्पत्तिको क्षतिको मूल्यांकनका निम्ति राष्ट्रिय योजना आयोगको सचिवालयको नेतृत्वमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विषयगत मन्त्रालय र जेन-जीका प्रतिनिधिसहितको समितिले ४५ दिनभित्र क्षतिको मूल्यांकनको प्रतिवेदन सरकारलाई प्रस्तुत गर्ने निर्णय गरेको छ ।

आगजनी तथा तोडफोडबाट सिंहदरबारभित्र क्षति भएका भौतिक संरचना, सवारीसाधन, मेसिनरी औजारलगायतको मिनाहा गर्ने र लिलाम बिक्री गर्ने सरकारले निर्णय गरिसकेको छ । जेन-जी प्रदर्शनको क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक तथा व्यावसायिक प्रतिष्ठान र आर्थिक गतिविधिलाई तत्काल सञ्चालन गर्नको निमित्त नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बिमा कम्पनीहरूले विभिन्न किसिमका राहत सुविधाका कार्यक्रम सुरु गर्ने निर्णय भएको भएको अर्थमन्त्री रामेश्वर खनालले जानकारी दिए ।

क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि आयात गरिने सामग्रीमा लाग्ने भन्सारमा ५० प्रतिशतसम्म छुट दिने प्रबन्ध गरिएको छ । बिमाबाट अग्रिमरूपमा क्षतिको ५० प्रतिशतसम्म दिनुपर्ने गरी व्यवस्था मिलाइएको छ । त्यसैगरी सरकारले आन्दोलनबाट प्रभावित उद्योग र व्यवसायीले तिर्नुपर्ने ऋणको म्याद सार्नुपर्ने निर्णय गरेको छ । जसले कर्जा लिएर भुक्तानी गर्न सक्ने छन् । यस्तै, सहुलियतपूर्ण कर्जा र जसले कर्जा लिएर भुक्तानी गर्न नसक्नेका लागि राष्ट्रियस्तरमा खडा हुने पुनर्निर्माण कोषबाट प्रदान गरिने छ ।

त्यस्तै, सरकारले पुनर्निर्माणका लागि पुनर्निर्माण कोण खडा गर्ने निर्णय गरिसकेको छ । कोषमा नेपालभित्र र नेपाल बाहिरबाट नेपालीले इच्छाअनुसार योगदान गर्न पाउने छन् । अर्थमन्त्री खनालका अनुसार बैंक तथा वित्तीय संस्था र औद्योगिक प्रतिष्ठानले कम्पनीहरूले सामाजिक उत्तरदायित्वअन्तर्गतको रकम राख्न पाउने र त्यस्तो रकममा करकट्टी गर्न पाउने छन् ।

यस्तै, प्रधानमन्त्री सुशीला कार्कीले निजी क्षेत्रलाई कठिन परिस्थितिबाट दृढताका साथ उठ्न आह्वान गर्दै सरकार पूर्णसाथमा रहने प्रतिबद्धता व्यक्त गरेका छन् । यही असोज ५ गते निजी क्षेत्रका प्रतिनिधिहरूसँग भएको छलफलमा प्रधानमन्त्री कार्कीले हालैको जेन-जी प्रदर्शनका क्रममा व्यापारिक प्रतिष्ठान तथा उद्योगमा ठूलो क्षति पुगेको भन्दै राज्य र निजी क्षेत्र दुवैलाई साझा चुनौती आएको बताएका थिए । सरकारले अर्थतन्त्रका सुधारका लागि छिट्टै सुधारात्मक प्याकेज घोषणा गर्ने तयारी गरेको छ ।

## बिमा दाबी २२ अर्ब २५ करोड

जेन-जी पुस्ताको आन्दोलनका क्रममा भएका क्षतिको बिमा दाबी २२ अर्ब २५ करोड ६५ लाख रूपैयाँबराबर पुगेको छ । नेपाल बिमा प्राधिकरणका अनुसार बिमा दाबी सबैभन्दा बढी बागमती प्रदेशमा रहेको छ । बागमती प्रदेशमा १७ अर्ब ९७ करोड ७२ लाख रूपैयाँबराबरको बिमा दाबी परेको छ । कूल एक हजार ३४३ वटा दाबीको आवेदन परेको प्राधिकरणले जनाएको छ ।

माइक्रो इन्स्योरेन्स कम्पनीसहित कूल १८ वटा बिमा कम्पनीमा दुई हजार ४७८ वटा बिमा दाबीको आवेदन हो । ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएकाले दाबीको मात्रा अझै बढ्न सक्ने देखिएको छ । यो निजी क्षेत्रको क्षतिकोमात्रै दाबी हो । सरकारी संरचनाको भने बिमा नभएका कारण दाबी भुक्तानी हुन सक्दैन ।

प्राधिकरणले उपलब्ध गराएको विवरणअनुसार ओरियन्टल इन्स्योरेन्स कम्पनीमा मात्रै पाँच अर्ब २२ करोड ९८ लाख रूपैयाँबराबरको दाबीको आवेदन परेको छ । यस्तै, सिद्धार्थ इन्स्योरेन्समा पाँच अर्ब आठ करोड २८ लाख रूपैयाँबराबरको आवेदन प्राप्त भएको छ । सम्पत्ति बिमाको ५३८, मोटर बिमा एक हजार ७७८, इञ्जिनियरिङ तथा ठेकेदार जोखिमका १३२, परिवहन बिमा ११ र अन्य बिमाका १९ वटा आवेदन प्राप्त भएको जनाइएको छ । *रासस*

आन्दोलनकी घाइते लिजाको सरकारलाई सन्देश

# छ महिनामा धेरै गर्न सकिन्छ



**काठमाडौं–** भदौ २३ गते बिहान माइतीघरमा आफ्नै उमेर समूहका युवाले भ्रष्टाचारविरुद्ध आन्दोलन छेडेपछि २० वर्षे लिजा अधिकारीलाई ललितपुर बालकुमारीको डेराभित्रै बसिरहन मनले मानेन । सामाजिक सञ्जालमा युवा जम्मा हुँदै गरेको भिडियो हेर्दा उनको मनमा आन्दोलनमा जान उकुसमुकुस भइसकेको थियो । आमालाई अफिसको काम देखाएर उनी आन्दोलनमा मिसिइन् । आन्दोलन सुरु भएको केही समयमै नयाँबानेश्वरमा जब भीडमाथि आक्रमण भयो, त्यसको सिकार लिजा पनि बनिन् । भ्रष्टाचारविरुद्धको आन्दोलनमा आवाज बुलन्द गरिरहँदा लिजालाई पछाडिबाट प्रहार गरिएको गोलीले बाँया कुम छेड्यो ।

'हामी भ्रष्टाचारविरुद्धको आवाज बुलन्द गर्दै थियौं, जेन-जीका माग सरकारलाई सुनाउन चाहन्थ्यौं, हाम्रो शान्तिपूर्ण जुलुसमा आक्रमण भएपछि भीड आक्रोशित भयो,' ट्रमा सेन्टरमा उपचाररत लिजाले भनिन्, 'हामीले माइकबाट प्रदर्शनकारीलाई बारम्बार ढुंगामुढा नगर्न र प्रहरीलाई गोली नहान्न आग्रह गरिरहयौं, तर कसैले सुनेनन् ।' लिजाका शब्दमा जब जेन-जी युवाको आन्दोलन माइतीघरबाट नयाँबानेश्वरस्थित संसद् भवनतर्फ अघि बढ्यो, जुलुस शान्तिपूर्ण थियो । ती युवासँग न कुनै हतियार थियो, न त विशेष माग नै । उनीहरू भ्रष्टाचारविरुद्धको आफ्नो आवाजलाई सरकारलाई सुनाउन मात्रै चाहन्थे । तर जब उनीहरूको आवाजलाई दबाउन प्रहरीले हस्तक्षेप सुरु गऱ्यो, तब भीड आक्रोशित भयो, तितरवितर भयो ।

'हामी नयाँ बानेश्वर पुग्दासम्म आन्दोलन शान्तिपूर्ण थियो, तर जब मेरो आँखै अगाडि एक जनाको टाउकोमा गम्भीर चोट लाग्यो र एक जना दाइको हातमा गोली लाग्यो, त्यसले हामीलाई आक्रोशित बनायो,' लिजाले घटना सम्झँदै भनिन्, 'मलगायतले त्यो दाइलाई निजामती अस्पताल पठायौं, यत्तिकैमा प्रहरीबाट अश्रुग्यास प्रहार भयो, भीड तितरवितर भयो ।'

लिजाले डेराबाट निस्कनुअघि आमालाई म पनि आन्दोलनमा जान्छु है भनेकी थिइन् । तर आमाले आन्दोलनमा जानु पर्दैन भनेपछि अफिस जाने बाहना बनाएकी रहिछन् । 'आमालाई म आन्दोलनमा मिसिएको थाहा थिएन, जब आन्दोलनमा प्लास्टिकको गोली चल्यो भन्ने सुन्नु भएछ उहाँले फोन गरेर छिटो घर फर्कन भन्नुभयो, आमालाई म ठीक छु छिट्टै आउँछु भन्दै फोन राख्नेबित्तिकै मलाई गोली लाग्यो,' उनले भनिन् ।

लिजालाई मेटलको गोली लाग्नुअघि नयाँ बानेश्वरमा केही राउण्ड हवाई फायर भइसकेको थियो । जब भीड तोडफोडमा उत्रियो, तब प्रहरीले ताकेरै गोली हान्न थाल्यो । सुरुमा प्लास्टिकको गोली प्रहार भएको भन्ने सुनिए पनि त्यो देखिएन । लिजालाई गोली लाग्नुअघि दुई जना आन्दोलनकारीको मृत्यु भइसकेको थियो । 'हाम्रो उद्देश्य तोडफोड र ढुंगामुढा गर्ने थिएन, त्यसैले अडिग भई शान्तिपूर्णरूपमा धर्नामा बसौं भन्दै आह्वान गरिरहेका थियौं, हामीलाई त गोली चल्छ भन्ने अनुमान गर्नै सकेनौं,' उनले भनिन् ।

लिजालाई गोली लाग्दा, आसपासका मानिसहरू तितरवितर भइसकेका थिए । दायाँ हातले आफूलाई सम्हाल्दै उनी रक्ताम्य शरीर लिएर संसद् भवनको अगाडि निकैबेर उभिइरहिन् । केही समयपछि एक जनाले आएर झण्डाले हात बाँधिदिए । 'दाइले साथ दिएपछि आत्मबल बढ्यो, अर्को दाइले बाइकमा एभरेस्ट अस्पताल पुऱ्याइदिनुभयो,' उनले भनिन् । एभरेष्ट अस्पतालमा ब्याण्डेज गरेपछि चिकित्सकले गोली लागेकाले शल्यक्रिया गर्नुपर्छ भन्दै ट्रमा अस्पताल 'रेफर' गरिदिए । त्यसपछि उनी एम्बुलेन्समा ट्रमा सेन्टर आइपुगिन् ।

लिजा अस्पताल आइपुग्दा आन्दोलनमा घाइते भएकाहरूले अस्पतालको भूइँसमेत भरिएको थियो । अस्पतालमा आउनासाथ घाउमा गज खादेर ब्याण्डेज गरियो । त्यतिका धेरै घाइते हुँदा पनि अस्पतालले उपचारमा राम्रो व्यवस्थापन गरेको थियो । 'अस्पतालका स्वास्थ्यकर्मीहरू जसरी त्यो दिन घाइतेहरूको उपचारमा खटिनुभयो, म त्यसका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु,' उनले भनिन्, 'त्यो गर्न उहाँहरूका लागि चुनौतीपूर्ण अवस्था थियो, त्यो दिन राति नै मेरो शल्यक्रिया भयो ।' आन्दोलनका घाइतेहरूलाई अस्पतालले खाजा, खाना र औषधिको व्यवस्था गरेको छ ।

त्यसदिन अस्पतालमा १८१ जना घाइतेलाई ल्याइएको थियो । घाइतेका लागि सुताउने शयचा थिएन । भुइँमै म्याटमाथि उपचार गर्नुपर्ने अवस्था थियो । भीड यति धेरै थियो कि, घाइतेहरू सुतिरहेकै ठाउँबाट मृतकको शरीर उचालेर लैजानुपर्ने अवस्था थियो ।

'म सुतिरहेको ठाउँमाथिबाट जब आन्दोलनकारीको शव लगियो, मलाई लाग्यो कि, मेरो पालो पनि यसरी नै त आउने होइन,' लिजाले भनिन्, 'जब गोली लागेको घाउ बेस्सरी दुख्यो, तब बाँचिन्छ कि मरिन्छ भन्ने होस् नै नहुँदो रहेछ ।' लिजाका अनुसार उनको शरीरमा अझ ठूलो शल्यक्रिया भने गर्न बाँकी नै छ । कुमको हड्डी गोलीले पूरै टुक्र्याएको छ, चिकित्सकले तारले बाँधिदिएका छन् ।

लिजालाई अहिले पनि 'मुभमेन्ट' गर्न सकस हुन्छ । अलिकति यताउता चलाउँदा पनि शरीर सहनै नसक्ने गरी दुख्छ । चिकित्सकले पहिले गरेको शल्यक्रिया निको भएपछि दोस्रो गर्नुपर्छ भनेका छन् । अहिले उनले शरीरको दुखाइ कम गर्न पेनकिलरको सहायता लिएकी छन् ।

लिजाको अस्पताल बसाइ अझै कति लम्बिने हो भन्ने टुंगो छैन । तर उनी सम्मिलित आन्दोलनले ल्याएको परिवर्तन र माग पूरा हुनुपर्छ भन्नेमा लिजा दृढ छिन् । 'हामीलाई सडकमा आउन बाध्य बनाएको चरम भ्रष्टाचार, बेथिति र अपारदर्शिताले हो, हामीले आन्दोलनमार्फत उठाएका माग नयाँ सरकारले पूरा गर्छ भन्नेमा विश्वास छ,' उनले भनिन्, 'निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कारबाही गरी मुलुकलाई सुशासनको दिशामा अघि नबढाएसम्म हामीले सडकमा दिएको बलिदानले न्याय पाउँदैन ।'

लिजा अस्पतालको शयचाबाटै नवगठित सरकारलाई आन्दोलनका दोषीमाथि कारबाही गर्न दबाब दिँदै आएका छन् । लिजालगायतका घाइतेलाई भेट्न प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू, जेन-जी आन्दोलनका प्रतिनिधिहरू आइरहन्छन् । 'हामीले अस्पतालको शयचाबाटै उनहरूको जिम्मेवारीलाई स्मरण गराइरहेका छौं, छ महिनाको सरकार भए पनि केही सकारात्मक कामको सुरुआतका लागि यो पर्याप्त समय पनि हो भन्दै आएका छौं, हाम्रो आशा र विश्वासलाई उनीहरूले मर्न दिनुहुन्न भन्नेमा विश्वास छ,' लिजाले भनिन् ।

लिजा जेन-जीका क्षमतावान् र सक्षम व्यक्तिलाई सरकारमा लैजानुपर्छ भन्छिन् । भ्रष्टाचारसँग जोडिएका र पहिलेदेखि नै चर्चामा रहेका मुद्दाका फाइल खोलेर अनुसन्धानको थालनी हुनुपर्छ भन्ने उनको माग छ । लिजाका शब्दमा देशमा 'गुड लिडर' भए 'गुड फ्युचर' भन्ने पनि थाहा छ ।

मोरङ रतुवामाई स्थायी घरभएकी लिजा बालकुमारीमा आमा र भाइसँग बस्दै आएकी छन् । जेठो सन्तानका रूपमा लिजामाथि पढ्दै कमाउँदै गर्ने जिम्मेवारी पनि छ । भाइलाई राम्रो कलेजमा उच्च शिक्षा दिलाउने सपना छ । केही समयअघि ओपन हार्ट सर्जरी गरेकी आमाको हेरचाह पनि उनकै जिम्मेवारीमा छ । कुसुम कलेजमा बिबिए सातौं समेस्टरमा अध्ययनरत लिजा आन्दोलन हुने दिनभन्दा चार दिनअघि मात्रै जेन-जी समूहमा जोडिएकी थिइन् । *रासस*

पृष्ठ १ बाट क्रमशः

## बडादसैंको...

बिहान सबेरैदेखि विभिन्न शक्तिपीठहरूमा बलि चढाउने र पूजा आराधना गर्नेहरूको घुइँचो लाग्छ । नवरात्रीको नवौं दिन अर्थात् महानवमीमा महालक्ष्मी देवीको पूजाआजा गरी मनाइन्छ । महानवमीका दिनमा घटस्थापनाका दिनमा राखिएको जमरा विभिन्न शक्तिपीठमा लगी चढाइन्छ ।

यसै दिन बिहान कलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई बलि दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ । दसैंघर र कोतलगायत राज्यका विभिन्न देवी मन्दिर र शक्तिपीठमा बोका, हाँस, कुखुरा र राँगाको बलिसहित दुर्गा भवानीको विशेष पूजा आराधना र दुर्गा सप्तशती, श्रीमद् देवी भागवत एवं देवी स्तोत्र पाठ गरिन्छ । महानवमीका अवसरमा कोहरूमा हर्षबढाइँका साथ कोतपूजा र निशाना पूजा पनि गरिन्छ । हनुमानढोकामा रहेको तलेजु भवानीको मन्दिर पनि महानवमीकै दिन खुल्ने गर्दछ । वर्षमा एक दिनमात्र खुल्ने भएकाले यसदिन यहाँ दर्शनार्थी एवं पूजा गर्ने भक्तजनको भीड लाग्ने गर्छ । कांग्रेसको चियापान कार्यक्रम नहुने

कोजाग्रत पूर्णिमाका दिन पारेर नेपाली कांग्रेसले हरेक वर्ष आयोजना गर्दै आएको चियापान कार्यक्रम यस वर्ष नगर्ने भएको छ । कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले एक विज्ञप्ति जारी गरी चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना नहुने जानकारी दिएका हुन् ।

वि.सं. २०३३ मा बिपी कोइराला निर्वासनबाट 'राष्ट्रिय एकता तथा मेलमिलापको नीति' लिई स्वदेश फर्केपछि हरेक वर्ष नेपाली कांग्रेसले कोजाग्रत पूर्णिमाको दिन चियापान समारोह आयोजना गरी शुभकामना आदानप्रदान गर्दै आएको थियो । कांग्रेसद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'चाडवाडको समयमा समग्र मुलुकका नागरिक शोकमा डुबेको र हाम्रो पार्टीको केन्द्रीय कार्यालयसमेत आगजनी गरी ध्वस्त पारिएको अवस्थामा हामी देशभक्त नेपाली नागरिकबीच थप राष्ट्रिय एकता र मेलमिलापको आवश्यकता हुनुपर्छ ।'

# ओलीसहित पाँच जनालाई विदेश भ्रमणमा रोक

काठमाडौं (प्रस)- सरकारले निवर्तमान प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसहित पाँच जनालाई विदेश भ्रमणमा रोक लगाएको छ । आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले ओलीसहित पूर्वगृहमन्त्री रमेश लेखक, पूर्वगृहसचिव गोकर्णमणि दवाडी, राष्ट्रिय अनुसन्धानका पूर्वप्रमुख हुतराज थापा र काठमाडौंका पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई विदेश भ्रमणमा रोक लगाउने निर्णय गरेको एक मन्त्रीले जानकारी दिए ।

उक्त निर्णयसँगै उनीहरूले देश छाड्न पाउने छैनन् । मन्त्रिपरिषद्ले औपचारिक रूपमा यो निर्णय सार्वजनिक भने गरेको छैन । मन्त्रिपरिषद् बैठकअघि जेन-जी आन्दोलनसम्बन्धी गौरीबहादुर कार्की नेतृत्वको उच्चस्तरीय जाँचबुझ आयोगले पाँचै जनालाई विदेश भ्रमणमा रोक लगाउन सिफारिस गरेको थियो ।

आयोगले उनीहरूलाई छानबिनका लागि कुनै पनि समयमा आयोगमा उपस्थित हुनुपर्ने भएकोले काठमाडौं उपत्यका छाड्न नपाउने व्यवस्था गर्नसमेत सरकारसमक्ष सिफारिस गरेको थियो । 'भदौ २३ र २४ गतेका घटनाहरूको छानबिन तथा जाँचबुझको सिलसिलामा अनुसन्धानको दायरामा रहेको हुँदा निजहरूको विदेश भ्रमण रोक लगाउन आवश्यक कारबाही गर्नहुन तथा छानबिनका लागि कुनै पनि समयमा आयोगमा उपस्थित हुनुपर्ने हुँदा आयोगको स्वीकृति बेगर काठमाडौं उपत्यका छाड्न नपाउने व्यवस्था गर्न गराउनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने,' आयोगको सिफारिसमा भनिएको छ ।

भदौ २३ गते जेन-जी आन्दोलनका क्रममा संसद् भवनअगाडि गोली चल्दा १९ भन्दा बढी युवाको मृत्यु भएको थियो । उपत्यका छाड्न रोक लगाएकाहरू दोषी भएको भन्दै जेन-जी नेताहरूले उनीहरूलाई कारबाहीको माग गर्दै आएका छन् । निवर्तमान प्रधानमन्त्री ओलीले भने आफूले गोली चलाउन आदेश नदिएको दाबी गर्दै आएका छन् । 'प्रधानमन्त्रीले न गोली चलाउने आदेश दिन्छ । न थाहा पाउँछ । विभिन्न भिडियो आएका छन् । कति सत्य हुन् ? त्यो आयोगले छुट्याउने हो,' शनिबार भक्तपुरको गुण्डुमा ओलीले भने ।

यतिमात्र हैन ओलीले पासपोर्ट रोकेर देखाउनसमेत चुनौती दिएका छन् । 'म सुनिरहेको छु सरकार विभिन्न प्रकारका हल्ला गरिरहेको छ । पासपोर्ट रोक्ने रे ! के ठानेको छ ? यो हाहुको सरकारलाई देश जिम्मा लगाइदिएर हामी विदेश भाग्छौं ? के सोचेको छ ?,' ओलीको प्रश्न छ ।

तर गृह मन्त्रालयले त्यतिबेला 'जसरी पनि भीडलाई संघीय संसद् भवनतिर जान रोक्नू' भन्ने निर्देशन दिएको थियो । त्यसपछि काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी रिजालले गोली चलाउन आदेश दिएका थिए । भदौ २३ मा उक्त घटना भएलगत्तै त्यतिबेलाका गृहमन्त्री लेखकले नैतिक जिम्मेवारी लिँदै राजीनामा दिएका थिए । पूर्वगृहमन्त्री लेखक भने हाल आमाको काजक्रियामा छन् । दुवाडीलाई गृहसचिवको जिम्मेवारीबाट हटाएर राष्ट्रिय योजना आयोगमा सरुवा गरिसकिएको छ । थापाले अनुसन्धान विभागको प्रमुखबाट अवकाश पाइसकेका छन् । रिजाललाई प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीबाट हटाइएको छ ।

भदौ २३ र २४ गतेको घटनामा ७४ जनाको मृत्यु भयो भने कयौं घाइते अस्पतालमा उपचाररत छन् । भदौ २३ गते प्रदर्शनकारीमाथि गोली चलेपछि २४ गते देशभर सरकारी कार्यालयदेखि दलका कार्यालय र दलका नेताको घरघरमा तोडफोड र आगजनी भएको थियो ।

सरकारी दमन र आगजनीबारे प्रतिवेदन तयार गर्न सुशीला कार्की नेतृत्वको सरकारले असोज ५ गते पूर्वन्यायाधीश कार्कीको नेतृत्वमा उच्चस्तरीय आयोग गठन गरेको थियो ।



आयोगमा पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी रहेका छन् । आयोगले अनुसन्धानका लागि तीन महिनाको समय पाएको छ ।

## एमालेको आपत्ति

एमालेले अध्यक्ष ओलीको राहदानी रोक्का राख्न गरिएको सिफारिसप्रति आपत्ति जनाएको छ । आइतबार भक्तपुरको गुण्डुमा बसेको सचिवालय बैठकले आपत्ति जनाएको हो ।

'अध्यक्ष ओलीसहितको राहदानी रोक्काका लागि सिफारिस गरिएका समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' सचिवालय बैठकको निर्णय सुनाउँदै उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'यसअघि नै गृह मन्त्रालयमार्फत मिडिया ट्रायल गराएर अनि दसैंको मौका पारेर गरिएको यस राजनीतिक प्रतिशोधयुक्त कदमप्रति केन्द्रीय सचिवालय गम्भीर आपत्ति प्रकट गर्दछ ।' सचिवालय बैठकले यही असोज २७, २८ र २९ गते केन्द्रीय समितिको बैठक बोलाउने निर्णयसमेत गरेको छ ।

## जेन-जी घाइतेलाई वर्गीकरण र परिचयपत्र

सरकारले 'जेन-जी' प्रदर्शनका क्रममा घाइते भएकाहरूको वर्गीकरण गर्न प्राविधिक समिति गठन गरी तत्काल काम अगाडि बढाउने भएको छ । आइतबारको मन्त्रिपरिषद् बैठकले प्राविधिक समितिको वर्गीकरणपश्चात् त्यस आधारमा घाइतेलाई उचित राहतको व्यवस्था गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

बैठकले गत भदौ २३ र २४ गतेको प्रदर्शनमा घाइते भएका व्यक्तिको पहिचान एवं सहज र प्रभावकारी उपचारको व्यवस्थाका लागि गृह मन्त्रालयमार्फत परिचयपत्रको व्यवस्था गर्ने, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइतेको पुनःउपचार (फलो अप)का लागि अस्पताल तोक्ने र ती अस्पतालमा 'जेन-जी क्लिनिक' सञ्चालन गर्ने निर्णय गरेको छ । पुनःउपचारमा जाने घाइतेलाई निःशुल्क आवतजावत तथा घाइतेको उपचारमा सहजीकरण गर्न स्वास्थ्य मन्त्रालयले हटलाइनको व्यवस्था र सम्पर्क व्यक्ति तोक्ने निर्णयसमेत गरिएको प्रवक्ता खरेलले जानकारी दिए ।

मन्त्रिपरिषद्ले मुग्लिन-पोखरा सडकअन्तर्गत चितवनको मुग्लिनदेखि तनहुँको आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिन बजार पारी गोरखातर्फदेखि मर्स्याङ्दी विद्युत् गृहको विपरीत गोरखातर्फसम्म थप सडकको रेखांकन स्वीकृत गरेको छ । उक्त सडकको केन्द्र रेखाबाट दायाँबायाँ १५/१५ मिटर गरी ३० मिटर सडकको मापदण्ड स्वीकृत गर्ने निर्णय भएको छ ।

बैठकले आगामी कात्तिक १० देखि १३ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) को आठौं बैठकमा सहभागिताका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङलाई स्वीकृति दिएको छ । यसैगरी प्रधानमन्त्रीको मुख्य सल्लाहकारमा अजयभद्र खनाल र जनसम्पर्क सल्लाहकारमा गोविन्दनारायण तिमल्सिनालाई नियुक्त गर्ने निर्णयसमेत गरिएको मन्त्री खरेलले बताए ।


## कतारमा रोजगार

कम्पनी : APOGEE ENGINEERING & TECHNICAL SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/११ | LT. No. 331726 | चलानी नं. ६०२४५४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Tech | 3 | 0 | 1800 | ७०,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : POPULAR TRADE AND TRANSPORT

पूर्व स्वीकृति मिति : २०८२/०६/११ | LT. No. 331725 | चलानी नं. ६०२४५४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 10 | 0 | 1300 | ५०,९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २० गते (6th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम ईजाजत नं. ८३३/०६६/०६७



## कुवेत/युएइ/ओमनमा रोजगार

कम्पनी : NOEMA LADES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331788 | चलानी नं. ६०२४५४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 170 | ७८,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LUMIERE LADIES SALON

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331786 | चलानी नं. ६०२४५४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 1 | 1800 | ६९,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAYSAM AL ASRIYA TRD.& CONT. CO.

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331787 | चलानी नं.६०२४५४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairstylist | 0 | 1 | 170 | ६२,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २० गते (6th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com

श्रम ईजाजत नं. १५४८/०७८/०७९



## साउदीमा रोजगार

कम्पनी : BAREZ AL JANUB COMPANY FOR OPERATION & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | LT. No. 331519 | चलानी नं.६०२४५४९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 100 | 0 | 1000 | ३७,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAREZ ARABIA GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/१२ | LT. No. 321343 | चलानी नं.६०२४५४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 20 | 0 | 1000 | ३७,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAREZ AL JANUB COMPANY FOR OPERATION & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331703 | चलानी नं.६०२४५४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 28 | 0 | 1000 | ३७,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAREZ AL JANUB COMPANY FOR OPERATION & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331518 | चलानी नं.६०२४५४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 90 | 0 | 1000 | ३७,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SIMA PLASTIC FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 330939 | चलानी नं.६०२४५४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६७,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BAREZ AL JANUB COMPANY FOR OPERATION & MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331702 | चलानी नं.६०२४५४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 30 | 0 | 1800 | ६७,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Store Helper/Loader | 7 | 0 | 1000 | ३७,७०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २० गते (6th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FAST EMPLOYMENT SERVICE (P) LTD**
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np

Govt. License 1399/074/75



# ताप्ली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रूपाटार, उदयपुर, कोशी प्रदेश नेपाल

## हार्दिक शुभकामना

नेपालीहरूको महान् चाड विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस नगरवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरूमा सुख, शान्ति, समृद्धि छाओस्, लक्ष्मीले बास गरुन् विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सु-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### गाउँबासीहरूमा जनहितमा जारी सन्देश

- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपयोग गरौं ।
- सडे गलेको र गन्हाएको मासुजन्य पदार्थ उपयोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर मात्र उपभोग गरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- चाडपर्वमा फजुल खर्च नगरौं ।
- चाडबाडको समयमा खानपीनमा ध्यान दिऔं ।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपयोग नगरौं ।
- हाम्रो सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
- मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्वको बेला सवारी साधनमा भिडभाड गरी यात्रा नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- चाडबाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं ।
- चाडबाडको समयमा आफ्नो घर छोडेर टाढासम्म नजाऔं, जानै परेमा आफ्नो घरको झ्याल, ढोका, ग्रील बन्दगरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं ।
- एक-अर्काको धर्म-अर्काको धर्म-संस्कृति, रिति-रिवाज, रहन-सहन र चाडपर्वको सम्मान गरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं, मद्यपान तथा जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- डेंगु संक्रमण कायमै रहेकोले सुरक्षित रहेर चाडपर्व मनाऔं, स्वस्थ सुरक्षाका सामाग्रीहरूको प्रयोग गरौं ।
- प्लास्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सर जस्तो भयावय रोग लाग्न सक्छ ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं ।

**श्री ढुंगराज वि.क.**
अध्यक्ष

**श्री धनामाया मगर**
उपाध्यक्ष

ताप्ली गाउँपालिका, रूपाटार, उदयपुर, कोशी प्रदेश नेपाल



# हार्दिक शुभकामना

नेपालीहरूको महान पर्व विजयादशमी एवं शुभ दीपावली र छठ पर्व २०८२ को पावन अवसरमा समस्त विदेश तथा देशवासी नेपाली दाजु-भाई दिदी बहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### छिन्नमस्ता गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपयोग गरौं ।
- सडे गलेको र गन्हाएको मासुजन्य पदार्थ उपयोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर मात्र उपभोग गरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- चाडपर्वमा फजुल खर्च नगरौं ।
- चाडबाडको समयमा खानपीनमा ध्यान दिऔं ।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपयोग नगरौं ।
- हाम्रो सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
- मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्वको बेला सवारी साधनमा भिडभाड गरी यात्रा नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- चाडबाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं ।
- चाडबाडको समयमा आफ्नो घर छोडेर टाढासम्म नजाऔं, जानै परेमा आफ्नो घरको झ्याल, ढोका, ग्रील बन्दगरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं ।
- एक-अर्काको धर्म-अर्काको धर्म-संस्कृति, रिति-रिवाज, रहन-सहन र चाडपर्वको सम्मान गरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं, मद्यपान तथा जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।


**बिधानन्द चौधरी**
अध्यक्ष


**केशब कुमार झा**
प्रमुख प्रशासकीय अधिकृत


**राजुदेवी यादव**
उपाध्यक्ष

**छिन्नमस्ता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
छिन्नमस्ता, सप्तरी, मधेश प्रदेश, नेपाल

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शुभ रहोस् दसैं

हिन्दू धर्मावलम्बीहरूको महान् पर्व दसैं घरघरमा भित्रिइसकेको छ । धुमधामसाथ मनाउने यो पर्वका लागि आजदेखि सार्वजनिक बिदा सुरु भएको छ । यो वर्ष दसैंको मुख्य दिन अर्थात् दशमी असोज १६ गते परेको छ । उक्त दिन मान्यजनको हातबाट टीका लगाएर आशीर्वाद लिने चलन छ । टीका लगाउने क्रम पूर्णिमासम्म चल्छ । असत्यमाथि सत्यको जितको प्रतीक मानी नवदुर्गाको पूजाआजा मनाइने यो पर्व वर्षदिनको दुःख पीडा बिर्सेर भए पनि परिवार एक ठाउँमा जम्मा हुन्छन् । ऋणै गरेर भए पनि मिठोमसिनो खाने प्रचलन छ । यसैले पनि सबै दुःख सहेरै देश विदेशमा विभिन्न व्यवसाय तथा रोजगारीमा रहेकाहरू आफ्नो परिवारसँग मिलनको आशमा घर फर्किरहेका छन् । यसैले पनि यो पर्व हर्ष र उमंगको पर्व हो । जस्तोसुकै दुःख र अभावकाबीच पनि आफ्नो गच्छेअनुसार मनाउने भएकोले यो पर्वको सान्दर्भिकता अझै छ ।

यो वर्ष दसैंको पूर्वसन्ध्यामा मुलुकको राज्यसत्तामा उलटपुलट भएको छ । संसद्को सबैभन्दा ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन सरकार गत भदौ २३ र २४ गते चलेको जेन–जी आन्दोलनले विस्थापित गरिदिएको छ । उक्त आन्दोलनले केपी ओली नेतृत्वको सत्तामात्रै ढालेन, राज्यका तीनवटै अंगलाई खरानी बनाइदियो । प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनलगायत अधिकांश सरकारी कार्यालयहरू, प्रहरी चौकीलगायत ध्वस्त पारिए । निजी क्षेत्रमा पनि अर्बौंको क्षति पुऱ्यायो । भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राखेर उठेको जेन–जी आन्दोलनको पहिलो दिन राज्यपक्षबाट गोली चलाउँदा १९ जना मारिए । पछि मृत्यु हुनेको संख्या ७४ पुग्यो । सयौं घाइते उपचाररत छन् । यसरी दसैंको मुखमा मुलुक शोकमा डुब्न पुगेको छ । सोही आन्दोलनको बलमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार गठन भइसकेको छ । सरकार गठनलगत्तै प्रतिनिसभा विघटन गरी आगामी फागुन २१ मा निर्वाचन घोषणा गरिएको छ ।

एकातिर राजनीतिक उथलपुथल, अर्कोतिर दसैंमा घर जाने चाप बढ्ने बेला पहिरोका कारण राजमार्ग अवरुद्ध । यद्यपि, अहिले पहिरो पन्छाएर सवारी आवगमन नियमित गरिएको छ । तुलनात्मक रूपमा गत वर्षभन्दा यो वर्ष मौसमले साथ दिइरहेको छ । यसैले मुलुक विषम् परिस्थितिमा रहे पनि पनि यसपटकको दसैं सहज हुने अपेक्षा गर्न सकिन्छ । गाउँघर होस् या सहर, दसैं मेला सुरू भइसकेको छ । दसैंका लागि किनमेल मेला सबैतिर सुरू भएको छ । घरआँगन चिटिक्क बनाइएको छ । यस अवसरमा काम विशेषले स्वदेश फर्कन नसकेकाहरू आफू रहेकै ठाउँमा रहेर मनाउने तयारी गरेका छन् । दसैं उत्साहको पर्वमात्र हैन, यो आर्थिक गतिविधि बढाउने र 'इकोनोमी भाइब्रेण्ट' गराउने पर्व हो । यही बेला पेसा व्यसायदेखि रोजगारीमा व्यस्तहरूले मन फुकाएर खर्च गर्ने गर्दछन् । जो जहाँ छौं, सभ्य रूपमा दसैं मनाऔं । यो दसैं सबैका लागि सुखद् बनोस् । शुभकामना !

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

#### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

#### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

#### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

#### अनलाइन किनमेल वा वित्तीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# दसैंमा यातायात व्यवस्थापन



■ भीमज्वाला राई

दसैं मनाउन काठमाडौं छाडेर घर जानेहरूको संख्या अत्यधिक छ । विद्यालय र सरकारी कार्यालय बिदा भइसकेपछि यो संख्यामा झन् वृद्धि हुने छ । घटस्थापनादेखि हालसम्म करिब दुई लाखले काठमाडौं छाडिसकेका छन् दशमीको दिन असोज १६ गतेसम्म घर फर्किनेहरूको संख्या करिब २५ लाखको हाराहारी हुने छ । भञ्ज्याङै भञ्ज्याङहरूले घेरिएको काठमाडौं उपत्यका बाहिरिने करिब दुई दर्जन सडकका नाकामध्ये कलंकी-नागढुंगा नाका, कोटेश्वर-साँगा नाका, बल्खु-दक्षिणकाली नाका, साँखु नाका, टोखा नाका, बालाजु-ककनी नाका, भीमढुंगा नाका, सातदोबाटो-चापागाउँ नाका र अन्य छोटो रुटका नाकाहरू हुन् । करिब ३० लाख जनसंख्या रहेको उपत्यकामा बाहिरबाट आएर विभिन्न पेसा, व्यवसाय तथा अध्ययनका लागि बसोबास गर्नेसमेत जोड्दा ६० लाखभन्दा बढिरहेको तथ्यले देखाएको छ ।

घर फर्किने आमसर्वसाधारणका लागि पूर्वतर्फ कोशी प्रदेश, बागमती प्रदेशका पहाडी जिल्लाहरू र मधेस प्रदेशका पूर्वीतर्फका केही जिल्लाहरू जोड्ने बिपी राजमार्ग, अरनिको राजमार्गहुँदै बाहिरिने सवारीसाधन दिवा सेवाहरू करिब दुई हजार ५०० साना मझौला सवारीसाधन छन्, अरनिको राजमार्गमा मात्रै एक हजार ५०० सवारीसाधन छन् त्यस्तै पूर्व चल्ने रात्रि सेवामा करिब ४५० ठूला बसहरू सञ्चालनमा छन् ।

दक्षिणतर्फ त्रिभुवन राजपथ, कान्ति लोकमार्ग र फाखेल दक्षिणकालीहुँदै उपत्यका बाहिरिने साना प्रकृतिका सवारीसाधन करिब एक हजार ५०० साना मझौला सवारीसाधनहरू रहेका छन् । यसले हेटौंडा मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरीसम्मका जनतालाई सेवा प्रवाह गर्दछ । पश्चिमतर्फ पृथ्वी राजमार्ग भएर पोखरा चल्ने करिब ४०० र मुग्लिङ-नारायणगढ हुँदै महेन्द्रनगरसम्मका रात्रि सेवा ७०० र अन्य साना सवारीसाधन करिब २०० को हाराहारीमा रहेका छन् भने पासाङल्हामु सडकमा सञ्चालित करिब २०० को हाराहारीमा सञ्चालित छन् ।

यो तथ्यसँगै सार्वजनिक सवारीसाधन र साना-ठूला निजी सवारीसाधनहरूको कुरा गर्ने हो भने प्रत्येक दिन काठमाडौंबाट करिब सात हजार ५०० सवारीसाधन बाहिरिने देखिन्छ । तर, यति सवारीसाधनले मात्रै दसैंको टीकाको दिनसम्म सबै यात्रुहरूलाई घर पठाउन पर्याप्त हुँदैन । अन्य सवारीसाधन थप गर्नुपर्ने हुन्छ । त्यसैको तयारीस्वरूप सरकारले घटस्थापनादेखि देशभरि सवारीसाधन सञ्चालनका लागि रुट पर्मिट (बाटो इजाजतपत्र) खुला गरेको छ । यद्यपि त्यसरी लामो रुटमा गुड्ने सवारीसाधनको यान्त्रिक अवस्थाबारे मापदण्ड नतोकिँदा यात्रुको सुरक्षाको प्रश्न गम्भीर हुनसक्नेतर्फ सरोकारवाला सजग हुनुपर्ने अवस्था छ ।

### तुइनखोला पहिरोले खाएको १०५ घण्टा

यही असोज ३ गते साँझ ६:३० बजेदेखि असोज ९ गते राति १०:३५ मिनेटसम्मको १६८ घण्टाको समय अवधिमा १०५ घण्टा पूर्णतया सवारीसाधन आवागमन बन्द रह्यो । मुख्य नाकामध्येको पृथ्वी राजमार्ग भएर बाहिरिने सडकको मुग्लिङ-नारायणगढ सडकअन्तर्गत तुइनखोला पुल छेउमा असोज ३ गते साँझ ६:३० बजेदेखि पहिरो खसेर आवागमन पूर्णरूपमा अवरुद्ध भयो । ४५ घण्टापछि असोज ५ गते अपराह्न ४:०० बजे खुल्यो तर पुनः असोज ७ गते अपराह्न ४:३० बजे सोही स्थानमा पहिरो खसेर यातायात बन्द भयो । लामो मिहेनतपछि असोज ९ गते राति १०:३० बजे पहिरो पन्छाएपछि आवागत पुनः सञ्चालन भएको छ ।

### मुख्य सडक नै जोखिममा, सुरक्षित छैनन् वैकल्पिक मार्गहरु

उपत्यकाबाट बाहिरिने मुख्य नाका नागढुंगा मुग्लिङ-नारायणगढ सडकअन्तर्गत तुइनखोला पुल छेउको पहिरोको जोखिम अन्त्य भएको छैन । एक हप्ताबीचमा दुईपटक खसिसकेको पहिरो फेरि कतिबेला खस्छ भन्ने अनुमान गर्न सहज छैन । यो सडकको यात्रा ढुक्कको हुन सकेको छैन । त्यस्तै पूर्वतर्फको लाइफलाइनका रूपमा रहेको सडक खुर्कोट-सिन्धुली सडकसमेत गत वर्षको वर्षाका कारण ध्वस्त छ । काभ्रेको रोशीदेखि नेपालथोकसम्मको सबै सडक जीर्ण बनेको छ । अहिले सवारीसाधन गुडिरहेकै छन् तर अस्थायीरूपमा मर्मत गरिएको खोलाको किनार र अप्ठ्यारो भिरको बाटोबाट जोखिमयुक्त सडकमा यात्रा गर्नुपर्ने बाध्यता छ । अघिल्लो वर्षको जस्तै वर्षा हुने हो भने अहिलेको अस्थायी बाटोमाथि गाडी होइन पानी कुद्ने अवस्था छ ।

यस विषयमा ध्यान दिन जरुरी छ । तुइनखोला पुलको पहिरोले सडक अवरुद्ध बनेकाबेला सरकारले वैकल्पिक मार्ग भनेर निम्न सडकबाट यात्रा गर्न जनतालाई सुझाएको थियो । यसमा बुटवल-पोखरा-मुग्लिङ हुँदै आउनुपर्ने सडक रहेको थियो । जुन सडक प्रयोग गर्दा पहाडको साँघुरोबाटो र दूरीका हिसाबले २४७ किलोमिटर लामो रहेको छ ।

त्यस्तै नवलपुरको गैंडाकोटबाट रामपुर पोखरा र मुग्लिङसम्म २६२ किलोमिटर पार गर्दै काठमाडौंतर्फ जानुपर्ने सडक त्यस्तै हेटौंडाबाट त्रिभुवन राजपथ भएर नौबिसे हुँदै काठमाडौं जाने १३२ किलोमिटरको साना तथा मझौला सवारीहरू मात्रै गुड्न सक्ने सडक र पहाडी सडक, हेटौंडाबाट भट्टेडाँडा हुँदै ललितपुरको चापागाउँ दोबाटो निस्कने ९५ किलोमिटर दूरीको साना र मझौला सवारीसाधन मात्रै यात्रा गर्न सकिने कान्तिराजपथ राजमार्ग र हेटौंडाबाट फाखेल हुँदै बल्खु जोडिने ८२ किलोमिटर दूरीको साना सवारीसाधन मात्रै गुड्न मिल्ने सडक रहेका छन् ।

सरकारले यी सडकहरूलाई वैकल्पिक सडक भने पनि सबै सडकहरू विकल्प होइनन् । यी सडकले चाडबाड र विपद्का बेला यात्रुहरूको चाप र सवारीसाधनको चापलाई थेग्नसक्ने अवस्था छैन । अधिकांश सडकहरू कृषि सडकहरू हुन् जो उचित मर्मतसम्भारको अभावमा आफैं जीर्ण बनेका छन् ।

### नागरिकका दसैं प्रभावित मजदुरहरूको चुलो प्रभावित

तुइनखोला पहिरोको साताव्यापी बन्दले त्यस रुट भएर चल्ने ३५ हजार सार्वजनिक सवारीसाधनमा यात्रा गर्ने साढे पाँच लाख यात्रुलाई प्रत्यक्ष र सवारीसाधन फसेका कारण सेवा नपाउने अन्य लाखौं यात्रुहरूलाई प्रभावित बनायो । करिब ८५ हजार चालक, सहचालक र परिचालकको चुलोमा प्रत्यक्ष असर पाऱ्यो । यातायात श्रमिकहरूको दसैं खल्लो बनायो । दसैंकै बेलामा कमाएर बैंकको किस्ता तिर्छु भन्ने योजनाले सवारीसाधनको कमाइ हेरेर बसेका व्यवसायी र स्वरोजगारहरूलाई निरास पाऱ्यो ।

त्यस रुटमा काम गर्ने श्रमिकहरू मात्रै होइन देशैभरिका साढे ११ लाख यातायात श्रमिकहरू प्रभावित बनेका छन् । देशभरिका करिब चार लाख यातायात व्यवसायी मारमा परेका छन् । मनसुनी प्रभावका कारण बाढी, पहिरो र सडकको अवस्थाले मात्रै होइन, भदौ २३ र २४ गतेको राजनीतिक घटनाक्रमलेसमेत उसैगरी चौतर्फी असर पारेको छ । सरकार तथा यातायात व्यवसायीहरूको संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सकेसम्म यात्रामा ननिस्कनु भन्ने सन्देश प्रवाह गरिसकेकाले घर जाने वा यात्रा गर्ने योजनामा परिवर्तन गरिसकेकाले त्यसको असर सर्वत्र देखिने अवस्था छ ।

सरकारले तत्काल र दीर्घकालीन योजना बनाएर काम गर्नुपर्छ । तत्काल उपत्यकाबाट बाहिरिने मुख्य सडकहरूका सम्भावित जोखिमहरूको पहिचान गर्नुपर्छ । आइपर्ने विपद्का बेला तत्काल एक्सन गर्ने गरी संयन्त्र निर्माण गर्नुपर्छ । त्यस्ता संयन्त्रहरूलाई चौबिसै घण्टा सजग राख्नुपर्छ । मुख्य सडक र वैकल्पिक सडकहरूको अप्ठ्यारा र जोखिमयुक्त सडकहरूमा सडक मर्मतका उपकरणहरू (लोडर, एस्काभेटरलगायत) परिचालन गरिरहनुपर्दछ । एकतर्फी सडक, साँघुरा सडक, चोक, मोड र पहिरो गएका स्थानहरूमा ट्राफिक प्रहरीहरूलाई तैनाथ गराउनुपर्छ । सडकको अवस्थाबारे जानकारीका लागि सूचना प्रणालीको प्रभावकारी प्रवाह गर्नुपर्छ ।

दीर्घकालीन र नियमित कामहरूमा तराई जोड्ने फास्ट ट्र्याकको कामलाई तीव्रता दिँदै चाँडै सम्पन्न गर्नुपर्छ । सरकारले वैकल्पिक भनेका सडकहरू जस्तैः फाखेलहुँदै हेटौंडा जोड्ने सडक, चापागाउँहुँदै भट्टेडाँडा भएर हेटौंडा जोड्ने कान्तिराजपथ, नौबिसेहुँदै हेटौंडा जोड्ने त्रिभुवन राजपथलगायतलाई विस्तार गर्नुपर्छ । कुलेखानी भीमफेदी सुरुङमार्ग निर्माण गर्नुपर्छ । अघिल्लो वर्ष बाढीले बगाएको बिपी राजमार्गलाई तत्काल निर्माण गर्नुपर्छ । खुर्कोट सिन्धुली सुरुङ मार्ग निर्माण गर्नुपर्छ । नेपाललाई दक्षिण एसियाली मुलुक म्यान्मा, बंगलादेश, भारत, पाकिस्तानहुँदै इरानसम्म जोड्ने 'एसियन हाइवे'अन्तर्गत मेची महाकालीसम्मका सडकलाई चाँडो निर्माण सम्पन्न गर्नुपर्छ । मुख्य सहरहरूमा फ्लाइओभर, ओभरपासलगायत सडकलाई चौडा बनाउनुपर्छ ।

यातायात मजदुर र व्यवसायीले पनि सार्वजनिक यातायातलाई यात्रुमैत्री बनाउने, सुरक्षित बनाउने, भरपर्दो बनाउने, विश्वसनीय बनाउने र मर्यादित बनाउन चालक, सहचालक, परिचालक, बुकिङ र व्यवसायीले विभिन्न काम गर्न सक्दछन् । जनता सचेत भइसकेका छन्, उनीहरू हाम्रै सवारीसाधनमा यात्रा गर्ने हुन् तानातान गर्नु सोधीखोजी गर्नु पर्दैन । यस्तो काम हैरानीमात्रै होइन यात्रुहरूमाथिको अपराध हो । राज्यद्वारा निर्धारण गरिएकोभन्दा बढी भाडा नलिने, टिकट काट्ने बेलामा भनेकोभन्दा फरक सिटमा नराख्ने, सिटको पैसा लिएर टुलमा राखेर यात्रा नगराउने ।

यस्ता कार्यहरू कानुनीरूपमा दण्डनीय छन् । भाडा तिरेपछि टिकट पाउने यात्रुको अधिकार हो ख्याल गर्ने र यात्रा गर्ने सबै यात्रुको विवरण राख्ने गर्नुपर्छ । सडकको अवस्थालाई ध्यान दिने, प्रतिस्पर्धा नगर्ने सुरक्षित यात्रा गर्ने गराउनुपर्छ । प्रस्थान बिन्दुबाट गन्तव्यसम्मको सडकको अवस्थाबारे जानकारी लिएर मात्रै यात्रा तय गर्ने र बाटोमा खाजा खाना तथा आरामका लागि सुरक्षित स्थानको पहिचान गरेरमात्रै सवारी रोक्ने छौं । यात्रा तय गर्नुअघि सवारीसाधनको यान्त्रिक अवस्था चेकजाँच गर्ने, क्षमताभन्दा बढी यात्रु नचढाउने र यात्रामा मादकपदार्थ, लागुपदार्थको सेवन नगर्ने, अरुलाई पनि गर्न दिनुहुँदैन । सवारीसाधन सञ्चालन गर्न रोकेको सडकमा जोखिम मोलेर जबरजस्ती सवारीसाधन नचलाउने, सवारीसाधन बाटोमा बिग्रिएर रोकिने अवस्था आएमा यात्रुहरूलाई वैकल्पिक व्यवस्था गराउनुपर्छ । हर्न निषेधित क्षेत्रमा हर्न नबजाउने, लामोदूरीका सवारीसाधनमा प्राथमिक उपचार बक्स राख्ने, यात्रुमैत्री व्यवहार गर्ने, बोल्दा सभ्य भाषाको प्रयोग गर्नुपर्छ । भत्ता वा कमाइको लोभमा लगातार ट्रिप नगर्ने, खानपानमा ध्यान दिने, स्वास्थ्य ठीक भयो भनेमात्रै जीवन रहन्छ भन्ने ख्याल गर्नुपर्छ ।

अन्त्यमा, निजी क्षेत्रले नेपालमा सार्वजनिक यातायात सेवा प्रदान गरिरहेको छ । सार्वजनिक यातायात सेवा भद्रगोल छ, । सार्वजनिक यातायातमा सरकारको लगानी र व्यवस्थापनविना सुधार सम्भव छैन, जनतालाई गुणस्तरीय सेवा, भरपर्दो सेवा, सुरक्षित सेवा किफायती सेवा विस्तार गर्ने हो भने अन्य देशहरूले झैं सरकारकारको प्रत्यक्ष सहभागिता अनिवार्य छ । भविष्यमा सरकारले लगानी गर्ला यतिबेला सार्वजनिक यातायातलाई यात्रुमैत्री बनाउने, सुरक्षित बनाउने, भरपर्दो बनाउने, विश्वसनीय बनाउने र मर्यादित बनाउन लगानीकर्ता र मजदुरहरूले सरकारको साथ लिएर सकेजति सेवामुखी बनाउन आवश्यक छ । *रासस*

*(लेखक नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका केन्द्रीय अध्यक्ष हुन्)*



> बूढापाकाहरु अहिले पनि भन्छन्– गर्मीका कारण आश्विनमा सारिएको हो, दसैं । तर नेपाली हावापानी सुहाउँदो प्राकृतिक पर्व दसैं तिहारको मूल मर्ममा भूल परेको छ । हुन पनि चैत, वैशाख, जेठमा हावाहुरीले दुःख दिने, असार, साउन र भदौमा बाढीपहिरो र बर्षात्ले सताउने, मंसिर, पुस र माघ महिनामा जाडोले कठ्यांग्रिने नेपाली हावापानीको स्वभाव हो । यस्तो उपद्रवबाट बच्दै ठूलो रोगव्याधि, दुःखबाट पार पाएको खुसियालीमा आश्विन–कार्तिकको ऋतुराज शरदमा नेपालीले दसैं र तिहार मनाउन थालिएको हो ।



**दसैंमा घर लिप्दै** | गुल्मीको धुर्कोट गाउँपालिका–१ नयाँगाउँमा घर लिप्दै स्थानीयबासी । दसैं सुरु भएसँगै जिल्लाबासीलाई घर लिपपोत गर्न भ्याइनभ्याई भएको छ ।
*तस्बिरः हुमाकान्त पोखरेल/रासस*

# तान्त्रिक नाच नवदुर्गा देवगणको 'ख्वापा' तयार

**भादगाउँ (भक्तपुर)-** भक्तपुरको ऐतिहासिक र धार्मिक महत्त्व बोकेको तान्त्रिक नाच नवदुर्गा देवगणको ख्वापा (मुकुण्डो) तयार भएको छ। भक्तपुर याछेंका ८० वर्षीय पूर्ण चित्रकारले तीन महिनाको अथक प्रयासपछि नवदुर्गा देवगणको १३ ख्वापा तयार गरेका हुन् । तयार भएका ख्वापा महानवमीको साँझ प्रदर्शन गरी देवगण बन्ने गाथा (वनमाला)को समूहले परम्परागत पूजासहित लिन आउने परम्परा रहेको छ ।

प्रत्येक वर्ष नयाँ बनाउनुपर्ने ख्वापा तयार नभए भक्तपुरको मोहनी नखाः र नवदुर्गा नाच प्रभावित हुन्छ । विजयादशमीको दिन नवदुर्गा देवगणले सिद्धिप्राप्त नगरे भक्तपुरको मोहनी नखाः अपूर्ण हुने र यसले भक्तपुर नगरका साथै उपत्यकाका विभिन्न स्थानको सांस्कृतिक जीवनसमेत प्रभावित हुने संस्कृतिविद्हरूको भनाइ छ। ख्वापा बनाउने कार्यको शुभारम्भ घण्टाकर्ण चतुर्दशीका दिन गरिन्छ ।

**यसरी बन्छ मुकुण्डो**

नवदुर्गाको ख्वापा बनाउन 'बोचा' भनिने विशेष किसिमको माटो प्रयोग हुन्छ। सुकाएको माटोलाई धुलो पारेर कुटेपछि त्यसलाई मैदा र पानीको माडमा मुछिन्छ । मुछिएको माटोलाई डल्लाडल्ला बनाई राखिन्छ। सो डल्ला सुकेपछि कपास र नेपाली कागज राखी फुटाएर मकुण्डो बनाउन मिल्ने चित्रकारले बताए । 'ख्वापा बनाइसकेपछि घाममा सुकाउनु हुँदैन हावाले मात्र सुकाउनुपर्छ । एउटा मुकुण्डो सुकाउन कम्तीमा दुई हप्ता लाग्छ,' उनले भने ।

ख्वापा बनाउन बोचासहित विभिन्न किसिमका ढुंगाबाट बनेको रङ, सुन, मैदा, मट्टितेल, कपास, नेपाली कागज, जुटको बोरा, कोरा कपडालगायत सामग्री आवश्यक पर्छ । हेर्दा सजिलो लाग्ने तर अत्यन्त कठिन कार्य भएकाले कामदार पाउन पनि मुस्किल रहेको चित्रकारले बताए। तन्त्रप्रधान र गोप्य विधि नवदुर्गा देवगणको नाचमात्र होइन, यसको ख्वापा निर्माणदेखि सिद्धिप्राप्तिसम्मको कार्यमासमेत तान्त्रिक विधिविधानअनुरूप पूजा गरिन्छ । मुकुण्डो बनाउने माटो लिन साइत हेर्ने भएकाले माटोलाई समेत बाजागाजासहितको वनमाला टोलीले पूजा गर्नुपर्ने परम्परा रहेको चित्रकारले जानकारी दिए ।

तन्त्र विद्याप्रधान नाच भएका कारण यसको ख्वापा निर्माण गरेको दृश्य जोकोहीले हेर्न नहुने परम्परा रहेको चित्रकारले बताए । ख्वापालाई अन्तिम रूप दिने क्रमका केही सीप अझै गोप्य रहेको र सो सीप आफूसँग मात्र रहेको उनले बताए । उनलाई काका विष्णुबहादुर चित्रकारले गोप्य तरिकाले ती सीप सिकाएका हुन् । नवदुर्गाको ख्वापा बनाउने कार्यको गोपनीयताका लागि केही वर्षअघिसम्म सञ्चारकर्मीलाई समेत तस्बिर खिच्न मनाही थियो । 'अचेल केही खुकुलो बनाउँदै लगेको छु । खास सीप आफूसँग राखेर अरु धेरै कुरा खुला गरेको छु,' उनले भने, 'धेरै गोप्य बनाउँदा ख्वापा बनाउने काम र यसको प्रयोग हुने जात्रा नै संकटमा पर्नसक्ने भएकाले केही खुकुलो बनाएको हुँ ।'

**३० लाखको अक्षयकोष**

नवदुर्गा देवगणको १३ वटा ख्वापा बनाउन यस वर्ष करिब तीन लाख रूपैयाँ खर्च भएको चित्रकारले जानकारी दिए । ख्वापा तयार गर्न सबैभन्दा बढी कालिगढको ज्यालामा नै खर्च हुने गरेको र यसको रङरोगनमा पनि उत्तिकै खर्च हुने गरेको उनले बताए ।

खर्च व्यवस्थापनका लागि उनले २०३६ सालदेखि अनेक समस्या झेल्दै आएको बताए । उनका अनुसार २०३६ सालमा मुकुण्डो बनाउन गुठी संस्थानबाट वार्षिक ६०४ रूपैयाँ सहयोग गरेको थियो । त्यो रकम बढेर २०४५ सालमा पाँच हजार, २०६८ सालदेखि १५ हजार रूपैयाँ दिन थालेको छ । केही वर्षदेखि संस्कृति मन्त्रालयले वार्षिक ५० हजार रूपैयाँ दिन थालेको छ । यो वर्ष दिएको छैन । नपुग अन्य रकम सहयोगी आफन्त साथीभाइसँग सहयोग लिने गरेको उनले बताए ।

ख्वापा निर्माणको खर्च जोहो गर्न अक्षयकोषसमेत स्थापना गरिएको छ। कोषमा ३० लाख रूपैयाँ नगद जम्मा भइसकेको छ । नवदुर्गा नाचप्रति सद्भाव राख्ने समूहले श्री नवदुर्गा भवानी मुकुण्डो निर्माण अक्षयकोष व्यवस्थापन समिति गठन गरी बनेपा, धुलिखेल, पनौती, जयवागेश्वरीलगायत क्षेत्रका बासिन्दा, विभिन्न नगरपालिका र स्थानीयको सहयोगमा ३० लाख रूपैयाँ जम्मा भएको उनले बताए ।

नवदुर्गा देवगण नाच तान्त्रिक विधिविधान मात्र नभएर मानवीय जीवनमा गरिने सबै संस्कारयुक्त भावप्रधानयुक्त नाच हो । जसमा बोलेरभन्दा पनि निश्चित भाव संकेतद्वारा संवाद प्रस्तुत गरिन्छ । नेवार समुदायमा झल्किने शक्तिशाली पारिवारिक अनुशरणको संकेत यो नाचमा प्रस्तुत गरिएको हुन्छ ।

'विशेषतः यो नाचले मल्लकालीन समयको संयुक्त परिवारलाई इंगित गरेको छ,' इतिहासविद् एवं संस्कृतिविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले भने, 'समाजमा घरमुली (नंकी)को दायित्व र महत्त्वसँगै तीनको भूमिकालाई हरेक दृष्टिले उच्च स्थानमा राखेको हुन्छ । यसमा नंकीले १८ जना गण सदस्यलाई नवदुर्गा देवगृहमा भित्र्याउनेदेखि लिएर निष्कासित गर्नेसम्मको भूमिका निभाइन्छ ।' नेवार समुदायमा र संस्कारमा नंकीप्रधान भन्ने सन्देश नवदुर्गा देवगण नाचले दिने गरेको प्रा.डा. श्रेष्ठको भनाइ छ ।

मुख्यतया नगदुर्गा देवगणमा बाजागाजासहित १९ जनाको समूह हुन्छ । जसमध्ये १३ जना विभिन्न देवीदेवताहरू हुन्छन् । नगदुर्गा देवगणमा काठको सानो मन्दिर हुन्छ जसलाई सिफोद्यः (महालक्ष्मीको प्रतीक) भनिन्छ। यो नाचमा देवगणले भैरव (कालभैरव), महाकाली, बाराही, ब्रह्मायणी, महेश्वरी, कुमारी, वैष्णवी, इन्द्रायणी, गणेश, महादेव, श्वेतभैरव एक, सिम्हदुम्ह (नन्दीभृंगी) दुई गरी १३ वटा मुकुण्डो प्रयोग गरी नाच प्रदर्शन गरिन्छ भने खिंबाजा, तःबाजा, कायँःबाजा, महापात्र र नंकी गरी १९ जनाको समूह हुन्छ । त्यसमा अन्य सहयोगीसमेत थप हुन्छ । *रासस*

# सामाजिक सुरक्षाभत्ता वितरण शिविरबाट ५८२ लाभान्वित

**खोटाङ-** साकेला गाउँपालिकाले दसैं, तिहार, नेपाल सम्वत् तथा छठ पर्वको अवसर पारेर आयोजना गरेको सामाजिक सुरक्षाभत्ता वितरण शिविरमा ५८२ जना लाभग्राहीले सेवा लिएका छन् ।

ज्येष्ठ नागरिक तथा अशक्त र अपांगता भएका लाभग्राहीको गाउँमै पुगेर सेवा दिने उद्देश्यले आयोजना गरिएको शिविरमा एक करोड एक लाख ६३ हजार रूपैयाँबराबरको सामाजिक सुरक्षाभत्ता वितरण गरिएको हो ।

गाउँपालिकाले प्रत्येक वडामा घुम्ती शिविर सञ्चालन गरेर सामाजिक सुरक्षाभत्ता वितरण गरेको गाउँपालिकाको सामाजिक सुरक्षा शाखाका संयोजक डिएम चाम्लिङ राईले जानकारी दिए । गाउँपालिकाले चाडपर्वको पूर्वसन्ध्यामा गाउँमै शिविर आयोजना गरेर सामाजिक सुरक्षाभत्ता वितरण गरेपछि लाभग्राहीसमेत हर्षित भएका छन्।

साकेला गाउँपालिका-१ बाँझेच्यानडाँडाका १७८ जनालाई ३८ लाख २१ हजार रूपैयाँ, वडा नं २ रतन्छाका १२३ जनालाई १८ लाख ५८ हजार रूपैयाँ, वडा नं ३ खिदिमाका ८८ जनालाई १३ लाख ३७ हजार रूपैयाँ वितरण गरिएको छ । यस्तै, साकेला गाउँपालिका-४ मात्तिमका ७९ जनालाई १२ लाख ५९ हजार रूपैयाँ र साकेला गाउँपालिका-५ मात्तिमविर्ताका ११४ जना लाभग्राहीलाई १८ लाख ८८ हजार रूपैयाँ वितरण गरिएको हो ।

कतिपयले बैंकको मानेभञ्ज्याङ शाखाबाटसमेत सामाजिक सुरक्षा भत्ता बुझिरहेका छन् । गाउँपालिकाले नेपाल एसबिआई बैंकको साकेला शाखासँगको सहकार्यमा सामाजिक सुरक्षाभत्ता वितरण गरेको हो ।

शिविरस्थलमा उपस्थित भएर भत्ता बुझ्न नसक्ने लाभग्राहीले नेपाल एसबिआई बैंकको देशभरका जुनसुकै शाखाबाट पनि भत्ता लिन सक्ने गाउँपालिकाले जानकारी दिएको छ । बैंकिङ प्रणालीमार्फत त्रैमासिक रूपमा वितरण गर्नुपर्ने सामाजिक सुरक्षाभत्तालाई गाउँपालिकाले पहिलादेखि नै वडा-वडा पुगेर वितरण गर्दै आएको छ ।

भौगोलिक विकटता र शारीरिक अशक्तताका कारण बैंकसम्म पुगेर भत्ता लिन शारीरिक कष्ट र दुःख हुने भएकाले घर पायकमा शिविर राखेर भत्ता वितरण गरिएको गाउँपालिका प्रमुख रविप्रकाश राईले बताए । १० स्थानीय तह रहेको जिल्लामा साकेला गाउँपालिकाले सबैभन्दा पहिले लाभग्राहीलाई बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षाभत्ता वितरण सुरु गरेको हो ।

कर्मचारीमार्फत वितरण गर्दा ठूलो मात्रामा आर्थिक अनियमितता भएको पाएपछि त्यसलाई रोक्न बैंकिङ प्रणाली लागू गरिएको गाउँपालिकाले जानकारी दिएको छ । जिल्लाको सबैभन्दा सानो स्थानीय तह (पाँचवटा वडा रहेको) यो गाउँपालिकामा मृत्यु भइसकेका व्यक्ति, अन्यत्र बसाइँ सरिसकेका, नक्कली लाभग्राही खडा गरेर, अर्कै वडाको व्यक्तिको नाम राखेर, एकै जनाको एकभन्दा बढी नाम देखाएर सामाजिक सुरक्षाभत्ता दुरूपयोग गरेको छानबिनका क्रममा फेला परेको थियो । *रासस*


हार्दिक शुभकामना

नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली र छठ पर्व २०८२ को पावन अवसरमा हाम्रा सेवाग्राही, कर्मचारी एवं शुभचिन्तकहरुका साथै देश तथा विदेशमा रहनुहुने समस्त दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

AIR KINGS Placement Pvt. Ltd.

AIR KINGS PLACEMENT PVT. LTD.
(VRINDIT SERVICES PVT. LTD.)
Tokha Municipality-10, Samakhushi, Kathmandu,
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196
श्रम ईजाजत नं. ७१२/०६४/६५



चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर, कोशी प्रदेश नेपाल

हार्दिक शुभकामना

नेपालीहरूको महान् चाड विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस गाउँवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरूमा सुख, शान्ति, समृद्धि छाओस्, लक्ष्मीले बास गरुन् विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सू-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरबासीहरूमा जनहितमा जारी सन्देश

- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपयोग गरौं ।
- सडे गलेको र गन्हाएको मासुजन्य पदार्थ उपयोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर मात्र उपभोग गरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- चाडपर्वमा फजुल खर्च नगरौं ।
- चाडबाडको समयमा खानपीनमा ध्यान दिऔं ।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपयोग नगरौं ।
- हाम्रो सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
- मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्वको बेला सवारी साधनमा भिडभाड गरी यात्रा नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- चाडबाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं ।
- चाडबाडको समयमा आफ्नो घर छोडेर टाढासम्म नजाऊँ, जानै परेमा आफ्नो घरको झ्याल, ढोका, ग्रील बन्दगरेर जाऊँ र छिमेकीलाई समेत जानकारी गराऔं ।
- एक-अर्काको धर्म-अर्काको धर्म-संस्कृति, रिति-रिवाज, रहन-सहन र चाडपर्वको सम्मान गरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं, मद्यपान तथा जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- डेंगु संक्रमण कायमै रहेकोले सुरक्षित रहेर चाडपर्व मनाऔं, स्वस्थ सुरक्षाका सामाग्रीहरूको प्रयोग गरौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सर जस्तो भयावय रोग लाग्न सक्छ ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं ।

श्री कालुमान लामा
नगर प्रमुख

श्री मणिका देवी दुलाल
नगर उप- प्रमुख

चौदण्डीगढी नगरपालिका, बेल्टार, उदयपर, कोशी प्रदेश नेपाल



हार्दिक शुभकामना

नेपालीहरूको महान पर्व विजयादशमी एवं शुभ दीपावली र छठ पर्व २०८२ को पावन अवसरमा समस्त विदेश तथा देशवासी नेपाली दाजु-भाई दिदी बहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भगवानपुर गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं


उग्र नारायण यादव
अध्यक्ष


प्रमोद कुमार साह
प्रमुख प्रशासकीय अधिकृत


रेखा कुमारी यादव
उपाध्यक्ष

भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा, मधेश प्रदेश, नेपाल

प्रभाव दैनिक

रूपशाला

## विजयको नृत्यको प्रशंसा

चलचित्र 'वरिष्ठ बलराम'को गीत 'न्यौली बनैमा'मा विजय बरालको डान्सको पनि तारिफ भइरहेको छ । प्रशान्त शिवाकोटीको शब्द रचना र संगीत रहेको गीतमा प्रशान्त र शान्तीश्री परियारको स्वर छ । गीतमा एकअर्कालाई मन पराउने युगल जोडीको भूमिकामा विजय र समृद्धि अर्याल छन् । गीतमा शंकाका बीचमा सँगै जीवन बिताउने सहमति गर्छन् । यही क्रममा रोमान्टिक देखिएका विजयको नृत्यको प्रशंसा भइरहेको छ ।





# गीतकार तामाङले ल्याए 'जित्नेहरुको पनि...'

काठमाडौं (प्रस)- नेपाल प्रहरी सेवामा इमानदार जिम्मेवारी निभाएका पूर्वअतिरिक्त महानिरीक्षक (एआइजी) तथा वरिष्ठ गीतकार टेक तामाङले पछिल्लो नयाँ गीत सार्वजनिक गरेका छन् । गीतकार तामाङले आफ्नो अफिसियल युटचुब च्यानलमार्फत 'जित्नेहरुको पनि हजार-हजार हार हुन्छ' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक गरेका हुन् ।



सत्यराज आचार्यको स्वरमा रहेको गीतमा राजकुमार बगरले संगीत भरेका छन् भने सञ्जिव बराइलीले एरेञ्ज गरेका हुन् । म्युजिक भिडियोमा अभिनेता सरोज खनालसँगै यु-२० राष्ट्रिय महिला फुटबल टिमका खेलाडीहरुको अभिनय रहेको छ । भिडियोको निर्देशन निकेश खड्काले गरेका हुन् ।

हार र जित जीवनको अंग भएको सन्देश बोकेको यस गीतले 'जित्नेहरुको पनि कहिलेकाहीँ हार हुन्छ' भन्ने जीवन दर्शन प्रस्तुत गरेको छ । यसैगरी आत्तिनु र मात्तिनु हुँदैन भनका छन् । अनि सुखदु:ख आइरहन्छ तर सपना बुन्नलाई छोड्नु हुँदैन भन्ने सन्देश दिइएको छ ।

यसअघि सम्पन्न 'गीतकार टेक तामाङ सांगीतिक साँझ २०८२' पनि नेपाली गीत-संगीत क्षेत्रमा ऐतिहासिक कार्यक्रमको रूपमा रेकर्ड भएको थियो । गीतकार तामाङको यसअघि नजिक भएर पनि..., तिमीलाई माया गर्छु, आमा, जीवनसाथी, माया गरेर हेर, मै खुकुरी अघिसरीसहित आधुनिक, राष्ट्रिय र सेलो गरेर एक हजार गीत रेकर्डिङ र प्रकाशन भएर आइसकेका छन् ।


## ओमनमा रोजगार

कम्पनी : Season Pallet Company SPC

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331529 | चलानी नं. ६०२४५४२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 160 | ५८,८४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २० गते (6th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN)
Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com



## कतारमा रोजगार

कम्पनी : BAHAR AL KHAIR DECORATION

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331659 | चलानी नं. ६०२४५४७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | administrative supervisor | 2 | 0 | 4000 | १,५५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DECORATION TECH | 1 | 0 | 1200 | ४६,६१६ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 2000 | ७७,६९३ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९७,११६ | | | | | | | |
| 5 | Office Cleaner | 4 | 0 | 1200 | ४६,६१६ | | | | | | | |
| 6 | Purchasing Representative | 4 | 0 | 3000 | १,१६,५३९ | | | | | | | |
| 7 | Sales Executive | 1 | 0 | 2500 | ९७,११६ | | | | | | | |
| 8 | SALES GENERAL | 1 | 0 | 2500 | ९७,११६ | | | | | | | |
| 9 | Senior Accountant | 1 | 0 | 3600 | १,३९,८४७ | | | | | | | |
| 10 | Technician | 1 | 0 | 1200 | ४६,६१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २० गते (6th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np


रंगशाला

# सुनमाया बनिन् विश्व 'ट्रेल रन'की उपविजेता

**काठमाडौं (प्रस)–** विश्व माउन्टेन तथा ट्रेल रन च्याम्पियनसिपमा सुनमाया बुढाले दोस्रो स्थान हासिल गरेकी छन् । स्पेनको क्यान फ्रान्कमा भएको प्रतियोगितामा सुनमायाले ८१ किलोमिटरको लामो दूरीको ट्रेल रनमा दोस्रो स्थान हात पारेकी हुन् ।

बुढाले निर्धारित दूरी १० घण्टा २३ मिनेट ०३ सेकेण्डमा पूरा गरिन् । सुनमाया पहिलो स्थान हात पारेकी अमेरिकी खेलाडी केटी शिम्टभन्दा २६ मिनेटले पछि परिन् ।

तेस्रो संस्करणको यस प्रतियोगितामा नेपालले ऐतिहासिक सफलता हासिल गरेको छ । विश्व माउन्टेन रनिङ एसोसिएसनले आयोजना गरेको प्रतियोगितामा पहिलोपटक विश्व एथ्लेटिक्स र इन्टरनेसनल एसोसिएसन अफ अल्ट्रा रनर्स मिलेर सहकार्य गरेका थिए । प्रतियोगितामा ८० देशका एक हजार ७०० खेलाडी सहभागी थिए । यो हालसम्मकै सबैभन्दा ठूलो सहभागिता भएको बताइएको छ ।

